# नगरपालिका तथा गाउपालिकाका महिला प्रमुखहरुलाई स्वागत तथा परिचयात्मक कार्यक्रम

मिति २०७५ श्रावण २३ गते बुधवार महिला नगर/गाउपालिका प्रमुखहरुसँग भरतपुर महानगरपालिकाको सभाहलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । कार्यक्रमको मुख्य उद्देश्य NDI को क्षमता विकास सम्वन्धी होटल रोयल सेन्चुरीमा संचालन भएको कार्यक्रमको सन्दर्भमा भरतपुर, चितवन आउनुभएका नेपालका महिला नगरपालिकाका मेयर तथा गाउपालिका अध्यक्षसँग भेटघाट र परिचय गर्ने तथा अनुभव आदनप्रदान गर्ने रहेको थियो ।



कार्यक्रमको अध्यक्षता भरतपुर महानगरपालिकाका उपमेयर श्री पार्वती शाह ठकुरीले गर्नुभएको थियो । कार्यक्रममा मौलापुर नगरपालिका,रौतहटका मेयर श्री रीना कुमारी साह, कुमाख गाउपालिका सल्यानका अध्यक्ष श्री दीलमाया बुढामगर, सुनकोशी गाउपालिका सिन्धुलीका अध्यक्ष श्री दिपा बोहोरा, हुप्सेकोट गाउपालिका नवलपरासीका अध्यक्ष श्री लक्ष्मी पाण्डे, सिस्ने गाउपालिका रुकुम पूर्वका अध्यक्ष श्री कुमारी बराल गौतमको साथै उक्त नगरपालिका तथा गाउपालिकाका कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो ।आशनग्रहण र परिचयात्मक कार्यक्रम पश्चयात महानगरपालिकाको वडा नं. १० काअध्यक्ष श्री अरुण पीडित भण्डारीलेस्वागत मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा महानगरको परिचय नीतिहरु बजेट महानगर भित्र हालसम्म भएका उल्लेखनीय कार्यहरु निर्माणधीन भौतिक संरचना समेट्दै महानगरको सुचना अधिकृत श्री मेनका पंडितले महानगरको संक्षिप्त परिचय दिनुभएको थियो ।



कार्यक्रममा नगर तथा गाउपालिका प्रमुखहरुबाट उठेको प्रश्न एवं जिज्ञासाको सन्दर्भमा महानगरका उपसचिव श्री कुल बहादुर जि. सी., उपसचिव श्री खडानन्द अधिकारी, डि. इ. श्री सहदेव भण्डारीले जवाफ दिनुभएको थियो भने सबै विषयवस्तु समेट्दै अन्त्यमा महानगरका उपमेयर श्री पार्वती शाह ठकुरीको मन्तव्य रहेको थियो । उहाँले यस महानगरपालिकामा विकास र समृद्धिको राष्ट्रिय नारालाई सार्थक तुल्याउन जनप्रतिनिधिहरु एकमत रहेको र भविश्यमा पनि रहने कुरा व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।